स्वीकृत मिति: २०७६।१२।२८

चौविसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा
२०७३

# चौविसे गाउँपालिकामा कोभिड-१९ रोकथाम तथा नियन्त्रणका क्रममा भएको आवागमन निषेधबाट उत्पन्न परिस्थितिमा लक्षित परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धी मार्गदर्शन, २०७६

विश्वव्यापी महामारी कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले घोषणा गरेको आवागमन निषेध बाट आयआर्जन गुम्न गई दैनिक जीवनयापन खतरामा परेका परिवारहरुको लागि राहत कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा मिति २०७६।१२।१६ को नेपाल सरकार, मन्त्रीपरिषद वैठकद्धारा स्थानीय तहहरुलाई जिम्मेवारी तोकिए वमोजिम आवश्यक व्यवस्था मिलाउन वाञ्छनीय भएकोले **"चौविसे गाउँपालिकामा कोभिड-१९ रोकथाम तथा नियन्त्रणका क्रममा भएको आवागमन निषेधबाट उत्पन्न परिस्थितिमा लक्षित परिवारलाई राहत उपलब्ध गराउने सम्वन्धी मार्गदर्शन २०७६"** तयार पारिएको छ।

## राहत वितरणका लागि लक्षित परिवारको पहिचान

१. राहत वितरणका लागि लक्षित परिवारको पहिचान गर्न निम्नानुसार आधारहरु लिनुपर्ने छ :

१.१ अति विपन्न : शहरी क्षेत्रको हकमा मौद्रिक आम्दानीको कुनै स्रोत नभएका र ग्रामीण क्षेत्रको हकमा आफनो कृषि उत्पादन र अन्य व्यवसायले ३ महिना भन्दा कम खान पुग्ने परिवार।

१.२ दैनिक ज्यालादारी : विगतदेखि विभिन्न असंगठित ब्यवसाय वा सेवा प्रदायक क्षेत्रमा दैनिक ज्याला पाउने गरी मजदुरी गर्दै आएका ब्यक्ति।

१.३ असहाय : अभिभावक नभएका, आर्थिक आयआर्जन गर्न सक्ने परिवारको सदस्य नभएका, अरुको सहयोग एवं सहारामा बस्ने, अपांगता भई कुनै आम्दानी गर्न नसक्ने, अभिभावक नभएका वालवालिका र परिवारमा ७० वर्ष भन्दा माथिका नागरिक मात्र भएको।

२. असहाय भन्नाले अनाथ आश्रम, वृद्धाश्रम, संरक्षण गृह, मन्दिर, गुम्बा वाअन्य धार्मिक संस्थामा आश्रय लिई बसिरहेका परिवारलाई समेत जनाउँदछ।

३. अति विपन्नको पहिचानका लागि यसअघि गाउँपालिकाद्धारा कुनै आधार वा मापदण्ड बनाई परिवार तथ्यांक अद्यावधिक गरेका भए सोलाई समेत आधार बनाउन सकिनेछ।

खजिन्द्र राई
अध्यक्ष

खजिन्द्र राई
अध्यक्ष

असंगठित क्षेत्रमा दैनिक ज्यालादारी भन्नाले निम्नानुसार प्रकृतिको कामलाई जनाउँदछ :

- आफ्नो नाता सम्वन्ध बाहेक अन्य व्यक्तिको घरमा सरसफाई वा भान्सामा काम गर्ने
- कागज, फलाम, खाली वोतल वा कुँडाकर्कट संकलन गर्ने
- बजार क्षेत्रमा भरियाको काम गर्ने वा खाद्यान्न गोदाममा सामान ओसारपसार गर्ने श्रमिक
- ठेलागाडा वा साइकलमा सामान विक्री वितरण गर्ने वा नाडले/झोले पसल चलाउने
- निर्माण सामाग्री भरिया वा गाडी नचल्ने बाटोमा आवश्यक वस्तु ढुवानी गर्ने व्यक्ति
- गिटी कुट्ने, बालुवा चाल्ने वा इटा भट्टामा काम गर्ने मजदुर
- भवन निर्माणमा काम गर्ने डकर्मी, सिकर्मी र हेल्पर
- चोक चौराहामा बसी मकै पोलेर बेच्ने
- ब्यवसायीको मालबाहक सवारी तथा डेलिभरी भ्यान चलाउने सवारी चालक र सहचालक
- दैनिक ठेक्कामा ट्याक्सी, अटोरिक्सा र इरिक्सा चलाउने सवारी चालक
- अटो-वर्कसपमा वा ग्यारेजमा काम गर्ने मिस्त्री वा मजदुर
- गार्मेन्ट, कपडा पसल र सोही प्रकृतिका ब्यवसायमा ज्यालादारीमा काम गर्ने मजदुर

२. ग्रामीण क्षेत्रको हकमा असंगठित क्षेत्रका दैनिक ज्यालादारी भन्नाले आफ्नो जग्गा जमिन नभएको, अर्काको खेत खनजोत गर्ने, घर टहरा बनाउने, सडक निर्माण गर्ने लगायतका ज्यालादारी कामदारहरुलाई जनाउँदछ ।

## विवरण संकलन गर्ने प्रक्रिया

६. असहाय, अति विपन्न र दैनिक ज्यालादारी परिवारको विवरण संकलनका लागि गाउँपालिकाले अनुसूचीमा दिइए वमोजिम फाराम तयार गरी वडा कार्यालयहरुमा पठाउनु पर्नेछ ।

७. वडा कार्यालयले आफ्नो क्षेत्र भित्र वसोवास गर्ने परिवारहरुको यसअघि नै अभिलेख गरिएको सूचनाका आधारमा समेत आफै विवरण संकलन फाराम भरि सुचिकृत गर्न सक्नेछ ।

खजिन्द्र राई
अध्यक्ष

८. संकलित फाराममा उल्लेखित सूचनाका आधारमा वडा कार्यालयले लक्षित परिवारको मूख्य व्यक्तिको नाम, परिवारका सदस्य संख्या, टोलवस्तीको नाम र घरमुलीको नागरिकता नम्बर संलग्न गरि सार्वजनिक जानकारीको लागि ३ दिनको म्याद दिई सार्वजनिक सूचना जारी गर्नुपर्ने छ।

९. यदि लक्षित परिवारको आफ्नो स्थायी घर नभई डेरामा वसेको भए फाराममा घरधनीको नाम र ठेगाना उल्लेख गर्नुपर्ने छ।

१०. राहत पाउने लक्षित परिवारको संकलित नामावली यकिन गरी वडा समितिले निर्णय गर्ने र सो लक्षित परिवारको संकलित फाराममा वडा अध्यक्षले राहतका लागि योग्य भएको सिफारिस गर्न हस्ताक्षर गर्नुपर्ने छ।

११. सार्वजनिक सूचनामा संलग्न विवरण उपर वडाका कुनैपनि नागरिकले कुनै परिवारको सूचना छुट हुन गएमा त्यस्ता परिवारलाई सो सूचीमा समावेश गराउन र कोही गलत विवरण टिपाई संलग्न भएको भए निजको विवरण हटाउन सूचना दिन सक्नेछन्। तथा सर्वदलीय सर्वपक्षीय भेला वोलाई राय सुझाव समेत लिन सक्नेछ।

१२. विवरण थपघटका लागि दिइएको समयावधि सकिएको २ दिनभित्र वडा कार्यालयले राहत पाउने लाभग्राहीहरुको विवरणलाई अन्तिम रुप दिई गाउँकार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

१३. एक पटकका लागि वडा कार्यालयबाट अन्तिम रुप दिई गाउँकार्यपालिकाको कार्यालय समक्ष पठाइएको विवरणमा थपघट वा संसोधन हुनेछैन।

## राहत प्याकेजको परिमाण

१४. राहत प्याकेजमा प्रति परिवार १५ दिनको लागि चाहिने खाद्यन्न संलग्न हुनुपर्नेछ। यसका लागि अधिकतमः ३७ केजी चामल, २ लिटर तेल र २ केजी नुन संलग्न हुनेछ।

१५. राहत प्याकेजमा माथि उल्लेखित वाहेक मसलाजन्य वस्तुहरु (जिरा, खुर्सानी बेसार) र तरकारीको रुपमा १ धार्नी आलु समेत समावेश गर्न सकिनेछ।

१६. लक्षित परिवारमा देहाय वमोजिम राहत वितरण गरिने छ

४ जना सम्म परिवार सदस्य भएमा २५ किलो चामल १ लिटर तेल र १ किलो नुन

५ जना देखि माथि परिवार सदस्य भएमा ५० किलो चामल १ लिटर तेल र १ किलो नुन

खजिन्द्र राई
अध्यक्ष

१७. यदि लक्षित परिवार अस्थायी वसोवासवाला भएको र एकल वा २ जना मिली संयूक्त भान्सा व्यवस्थापन गरिरहेको भए औसत राहत प्याकेजमा ३० प्रतिशत सम्म कम गर्न सकिनेछ ।

१८. यसअघिका बुँदामा जेसुकै लेखिएको भएता पनि राहत वापत नगद बाँड्न पाइने छैन ।

१९. राहत सामाग्री खरिद गर्दा गाउँपालिकाद्धारा यसअघि निर्धारित दररेट लाई आधार बनाउनु पर्नेछ ।

२०. राहत वितरणका क्रममा लाग्ने खाद्य सामाग्रीको ढुवानी खर्च यसै प्याकेज अन्तर्गत संलग्न गर्न सकिनेछ ।

## राहत वितरण कार्यको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन

२१. राहत सामाग्रीको खरिदका लागि स्थानीय विपद व्यवस्थापन कोषमा जम्मा भएको रकमबाट प्रचलित कानुनको अधिनमा रही गर्नुपर्ने छ ।

२२. राहत वितरणमा सहयोग गर्न चाहने व्यक्ति वा संस्थालाई गाउँपालिकाद्धारा सञ्चालन गरिने राहत प्याकेजमा एकिकृत गर्नुपर्ने छ तथा त्यस्ता राहत सहायता गाउँ कार्यपालिकाले आवश्यकता वमोजिम निर्णय गरी वितरण गर्नु पर्ने छ ।

२३. व्यक्ति वा संस्थाबाट प्राप्त हुने राहत सामाग्रीको मात्रा अभिलेख राखी प्रतिवेदनमा समावेश गर्नुपर्ने छ ।

२४. राहत सामाग्रीको खरिद कार्य र प्याकेजीङ सम्बन्धी व्यवस्था वडा कार्यालयबाट प्राप्त विवरण र परिवार संख्याको आधारमा गाउँकार्यपालिका तथा आवश्यकताका आधारमा वडा कार्यालयले मिलाउनेछ ।

२५. निर्धारित राहत सामाग्री सम्वन्धित वडा कार्यालयसम्म ढुवानीको व्यवस्था गाउँकार्यपालिकाले मिलाउनेछ भने वडा कार्यालय वा तोकिएको सार्वजनिक स्थलबाट लैजाने जिम्मेवारी सम्वन्धित लक्षित परिवारको हुनेछ ।

२६. असहाय परिवार वा नाबालक र ७० वर्षभन्दा माथिका वृद्धवृद्धा मात्र भएको परिवारको हकमा वडा कार्यालयले स्थानीय स्वयंसेवक वा टोल विकास संस्थाको जिम्मा लगाई सम्वन्धित परिवारलाई राहत पुर्‍याउने व्यवस्था मिलाउने छ ।

२८. राहत वितरणलाई प्रभावकारी बनाउन गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा सर्वपक्षीय अनुगमन समिति गठन गर्न सकिनेछ ।

२९. राहत वितरण कार्य सकिएको ७ दिनभित्र कुल लाभग्राही परिवारको नामावली सहित वडागत रुपमा कुल खर्च विवरण सार्वजनिक गर्नु सम्वन्धित अधिकारीको दायित्व हुनेछ ।

राहत वितरण सम्वन्धी सम्पूर्ण विवरण तयार पारी काम सम्पन्न भएको १ हप्ता भित्र जिल्ला दैविप्रकोप उद्धार समिति र नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सो प्रतिवेदन पेश गर्नु पर्नेछ ।

३१. राहत वितरण सम्वन्धी प्रतिवेदनको ढाँचा अनुसूचीमा दिइए वमोजिम तयार गर्नुपर्ने छ ।

## विविध

३२. राहतको लागि विवरण संकलन तथा वितरण कार्यमा संलग्न कर्मचारी, जनप्रतिनिधि र लक्षित परिवारले न्यूनतम सामाजिक दुरी कायम गर्ने लगायतका रोकथामका उपायहरु अवलम्वन गर्नुपर्ने छ ।

३३. यदि कोही ब्यक्तिले राहतका लागि योग्य नभएको अवस्थामा पनि गलत विवरण पेश गरी राहत बुझिलिएको पाइएमा निजलाई प्रचलित कानुन वमोजिम सजाय हुनेछ ।

३४. राहत पाउन योग्य नभएको ब्यक्ति वा परिवारलाई राहतका लागि सिफारिस गरेमा सिफारिस गर्ने वडाका प्रतिनिधि समेत कारबाहीको भागिदार हुनेछन् ।

खजिन्द्र राई
अध्यक्ष

अनुसूची -१ : लक्षित परिवार विवरण संकलन फारम

चौविसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा
१ नं. प्रदेश, नेपाल

वडा नं.........

कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि गरिएको आवागमन निषेधबाट प्रभावित परिवारहरुका लागि राहत वितरण कार्यक्रम

## लक्षित परिवार विवरण संकलन फारम

१. घरमुलीका नाम : ............................................................, सम्पर्क न. ................................... २.

ठेगाना :

हालको वसोवास - टोलः ................................., वडा नं.: ...........

स्थायी ठेगाना - टोलः ................................., वडा नं.: ...........
गाउँ/नगरपालिकाः ...................., जिल्लाः ..........

३. परिवारका सदस्य संख्या :

४. लक्षित परिवारको वर्गिकरण : असहाय / अति विपन्न / दैनिक ज्यालादारी

५. पेशा /काम : काम गर्ने स्थानः .................................

६. नागरिकता नं. ...................., नागरिकता जारी भएको जिल्ला ...................................

७. विदेशी नागरिक भए, परिचय पत्र नं. ................, जारी गर्ने निकाय ..............................

८. डेरामा वसेको भए, घरधनीको नाम: ............................. .............................

९. नेपाली नागरिकता नभएका व्यक्तिको हकमा सम्वन्धित वडा कार्यालयको सिफारिस अनिवार्य हुनुपर्ने छ।

---

विवरण पेश गर्नेको नामः हस्ताक्षर

सिफारिस गर्ने

नामः

पदः

हस्ताक्षर

खजिन्द्र राई
अध्यक्ष

## अनुसूची - २ : राहत वितरण सम्बन्धी प्रतिवेदनको ढाँचा

### क. राहत पाउनेको विवरण

| मिति | नाम | वडा | ठेगाना | सम्पर्क नं. | राहतको प्रकार | राहत दिइने कारण |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

### ख. राहत वितरणका लागि व्यक्ति वा संस्थाबाट प्राप्त सहयोगको विवरण

| क्र.सं. | दाताको नाम | दाताको ठेगाना | प्राप्त वस्तु | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

खजिन्द्र राई
अध्यक्ष